# ओयासामाको
# १४०औं वार्षिकीतर्फ
# उन्मुख हुँदै
# आध्यात्मिक परिपक्वताको
# मार्गमा
# सँगै कदम चालौं !



## ओयासामाको १४०औं वार्षिकी



https://www.tenrikyo.or.jp/eng/

ओयासामाको
१४०औं वार्षिकी

सन् १८८७ जनवरी २६ का दिन
ओयासामाले सारा संसारका मानिसहरूको उद्धार गर्ने वात्सल्यभावद्वारा सन्तानहरूको आध्यात्मिक परिपक्वताबारे हतारिँदै आफ्नो भौतिक स्वरूप लोप गर्नुभयो ।

तत्पश्चात् उहाँको स्वरूपको प्रत्यक्ष दर्शन सम्भव नभए तापनि उहाँले जीवित सत्यताद्वारा वास्तविक वासस्थानमा रहेर हामीलाई निरन्तर मार्गदर्शन गर्नुभएको छ र सर्वोद्धारका लागि क्रियाशील रहनुभएको छ ।

आगामी तेन्रिक्यो १८९(सन् २०२६) जनवरी २६ मा ओयासामाको १४०औं वार्षिकी मनाइनेछ ।

दस वर्षमा एक पटक मात्र मनाइने ओयासामाको वार्षिकी भनेको सम्पूर्ण अनुयायीले दैवी वात्सल्यलाई कदर गरी प्रत्युपकारस्वरूप पूर्ण रूपमा समर्पित हुने महत्त्वपूर्ण अवसर हो । हामी योबोकुले त्यस दिनलाई लक्ष्य बनाई तीन वर्ष हजार दिनको पूर्वतयारीको अवधिमा सङ्कल्पित मनद्वारा सँगै दैवी नमुनाको अनुसरण गरी आनन्दी जीवनका लागि सिकाइएको दैवी शिक्षालाई व्यावहारिक रूपमा परिचालन गरौं र आध्यात्मिक परिपक्वताको मार्गमा कदम अघि बढाऔं !

